जि.प्र.का. सप्तरी द.नं. २१/०४८/०४९

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ४/०६४/०६५

वर्ष ३१ | अंक ११३ | २०७८ साल मंसिर १३ गते सोमबार | (29 Nov. 2021 Monday) | मूल्य रु. ५/-

**Log on : rajbirajdainik.com.np**

आत्महत्या समस्याको समाधान होइन, अमुल्य जीवन त्यसै खेर नफालौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

*यस अंक भित्र :* २ पृष्ठमा : विवाह पञ्चमी नजिकिँदै गर्दा... ३ पृष्ठमा : स्याटेलाइट कम्पनीको... ३ पृष्ठमा : बेलायतमा कोरोनाको भाइरसेका..

# नयाँ भेरियन्टप्रति सतर्कता अपनाउन जिल्ला स्वास्थ्य कार्यालयको आग्रह

## कोरोनाको जोखिम कायमै छ : स्वास्थ्य मन्त्रालय

**दैनिक समाचारदाता**
**राजविराज, १२ मंसिर ।**

सप्तरी जिल्लामा पनि नयाँ भेरियन्टप्रति सतर्कता अपनाउन जिल्ला स्वास्थ्य कार्यालयले सबैलाई आग्रह गरेको छ । स्वास्थ्य कार्यालय सप्तरीका प्रमुख दुनियालाल यादवले जिल्लाका सबै नाकाहरुमा हेल्थ डेस्क राख्ने तयारी भइरहेको जानकारी दिएका छन् ।

उनले भने, "जिल्लाको सम्पूर्ण नाकाहरु भारतीय सीमासँग जोडिएकाले भारतबाट आउन व्यक्तिहरु पनि नयाँ भेरियन्टबाट प्रभावित हुन सक्नाले हेल्थ डेस्क राख्ने तयारी भइरहेको छ ।"




यता पछिल्लो समय दक्षिण अफ्रिकामा देखिएको कोरोना भाइरसको नयाँ भेरियन्ट नेपालमा पनि आउन सक्ने भन्दै स्वास्थ्य तथा जनसङख्या मन्त्रालयले जनस्वास्थ्यका मापदण्ड पूर्ण रुपमा पालना गर्न नागरिकलाई आग्रह गरेको छ ।

नयाँ भेरियन्टको जोखिमका कारण दक्षिण अफ्रिका हुँदै नेपाल आउने यात्रुलाई अनिवार्य रुपमा एक हप्ता क्वारेन्टिन राख्ने विषयलाई मन्त्रालयले कडाइका साथ कार्यान्वयन गर्ने भएको छ ।

मन्त्रालयका सहप्रवक्ता डा समिरकुमार अधिकारीले विश्वको जुनसुकै कुनामा नयाँ भेरियन्ट देखापर्दा नेपालमा पनि उत्तिकै जोखिम हुने भएकाले स्वास्थ्य सावधानी अपनाउन आवश्यक रहेको बताए ।

दक्षिण अफ्रिकामा भेटिएको कोरोना भाइरसको नयाँ भेरियन्टलाई विश्व स्वास्थ्य सङ्गठनले 'भेरियन्ट अफ कन्सर्न' घोषणा गरेपछि अफ्रिका हुँदै नेपाल आउने यात्रुका लागि स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले अनिवार्य क्वारेटिनको व्यवस्था गरेको उनको भनाइ छ ।

नयाँ भेरियन्ट नेपालमा नदेखिएकाले आत्तिनु नपर्ने तर सावधानी भने पूर्ण रुपमा अपनाउनुपर्नेमा अधिकारीको जोड दिए । उनले भने, "हाल नेपालमा कोभिड-१९ सङ्क्रमितको सङख्या मात्र कम भएको हो, जोखिम कम भएको छैन । स्वास्थ्य मापदण्ड सबैले अनिवार्य पालना गर्नुपर्छ ।" नयाँ भेरियन्टको कोरोना जित्नेबारे थप अनुसन्धान भइरहेको छ । राससको सहयोगमा

# लागू औषधीसहित दुई पक्राउ



**दैनिक समाचारदाता**
**राजविराज, १२ मंसिर ।**

सप्तरी प्रहरीले आइतबार दुई यूवकलाई लागू औषधीसहित पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा सप्तरीको बोदेबरसाईन नगरपालिका वडा नं. १ का सुरज कुमार यादव र राधेश्याम मण्डल छन् ।

प्रहरी चौकी सिस्वा वेल्हीबाट गस्तीमा खटिएको टोलीले पक्राउ परेका यादवका साथबाट नाइट्राभेट ट्याब्लेट ५ पत्ता, डायजेल्याब इन्जेक्सन ६ पिस र फेर्नागन ट्याब्लेट ६ पिस बरामद गरेको

*बाँकी अन्तिम पृष्ठमा*

# प्रेस सेन्टर नेपालको अधिवेशन सम्पन्न, अध्यक्षमा कर्ण

**दैनिक समाचारदाता**
**राजविराज, १२ मंसिर ।**

जनकपुरधाममा शनिबार सम्पन्न प्रेस सेन्टर नेपालको दोश्रो प्रदेश अधिवेशनले किरण कर्णको अध्यक्षतामा ३२ सदस्यीय नयाँ कार्यसमिती चयन गरेको छ ।

नवगठित समितिको बरिष्ठ उपाध्यक्षमा दिपेन्द्र सिंह धनुषा, उपाध्यक्षमा रामभरोसी यादव सिरहा र सुनिता महतो महोत्तरी रहेका छन् ।

यस्तै सचिव प्रमुखमा गोपाल प्रसाद गुप्ता सप्तरी, सचिवमा अनिल पाण्डे बारा, रामनारायण महतो महोत्तरी, सरोज पासवान सिरहा, भक्ति रिजाल सर्लाही, ध्रुब कुमार मण्डल सप्तरी, ओम किशोर चौधरी रौतहट, मुनेस लायो मगर पर्सा र कोषाध्यक्षमा दिपेन्द्र प्रसाद यादव सप्तरी चयन भएका छन् ।

त्यसैगरी सदस्यहरुमा ज्योती लामा सर्लाही, विमल नगरकोटे सर्लाही, प्रह्लाद साह रौतहट, कृष्ण तिवारी रौतहट, दिपेश पौडेल रौतहट, निरन्जन साह महोत्तरी, महेन्द्र मण्डल "बनबारी" सप्तरी, अनुभक्त चौधरी सिरहा, अशोक श्रीवास्तव पर्सा, संजित कुमार गुप्ता पर्सा, राम मण्डल पर्सा, रामनारायण पण्डित सिरहा, प्रेमनाथ पौडेल सर्लाही, विभु अधिकारी बारा, अजय यादव बारा, भावना सुनार बारा, कुमारी घिसिङ बारा, फेजुला आलम बारा र महेन्द्र सहनी बारा रहेका छन् ।

सो समितिको सल्लाहकारहरुमा सप्तरीका बरिष्ठ पत्रकार अनिलकुमार अनल सप्तरी, धनुषाका वरिष्ठ पत्रकार बिएन खनाल, सन्त बेतित, अरुण कुमार तिवारी सप्तरी र बाराका गम्भीरा सहनीलाई चयन गरिएको छ ।


## हार्दिक वधाई एवं शुभकामना




गोपाल प्रसाद गुप्ता



ध्रुब कुमार मण्डल



दिपेन्द्र प्रसाद यादव



महेन्द्र मण्डल "बनबारी"



अनिल कुमार अनल



अरुण कुमार तिवारी

प्रेस सेन्टर नेपालको जनकपुरमा सम्पन्न प्रदेश अधिवेशनबाट प्रदेश नं. २ को प्रमुख सचिवमा गोपाल प्रसाद गुप्ता, सचिवमा ध्रुब कुमार मण्डल, कोषाध्यक्षमा दिपेन्द्र प्रसाद यादव, सदस्यमा महेन्द्र मण्डल "बनबारी", सल्लाहकारद्वयमा वरिष्ठ पत्रकार अनिल कुमार अनल र अरुण तिवारीलाई सर्वसम्मतबाट चयन गरिएकोमा हार्दिक बधाई ज्ञापन गर्दै सफल कार्यकालको शुभकामना व्यक्त गर्दछौं ।

**प्रेस सेन्टर नेपाल**
**सप्तरी**


# थप १ सय ५८ जनामा कोरोना संक्रमण

काठमाडौं, १२ मंसिर (रासस) ।

पछिल्लो २४ घण्टामा थप १ सय ५८ जनामा कोरोना संक्रमण पुष्टि भएको छ । सो अवधिमा ६ हजार ६०४ जनाको पीसीआर परीक्षण गर्दा १५४ तथा दुई हजार ३१४ जनाको एन्टिजेन परीक्षण गर्दा चार जनामा कोरोना संक्रमण देखिएको हो ।

योसँगै नेपालमा कोरोना सङ्क्रमितको संख्या नौ लाख १६ हजार ३५० पुगेको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जनाएको छ । पछिल्लो २४ घण्टामा ३४२ जना निको भएर घर फर्किएसँगै हालसम्म

*बाँकी तीन पृष्ठमा*

## सम्पादकीय

### पुनः कोरोनाको त्रास बढ्दै

नेपालमा पनि पुनः कोरोनाको त्रास बढ्दै गएको छ । पछिल्लो समय दक्षिण अफ्रिकामा देखिएको कोरोना भाइरसको नयाँ भेरियन्ट नेपालमा पनि आउन सक्ने भन्दै स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जनस्वास्थ्यका मापदण्ड पूर्ण रुपमा पालना गर्न नागरिकलाई आग्रह समेत गरेको छ । विगतका दुई वर्षदेखी सम्पूर्ण विश्व कोरोनाको त्रासमा रहेको बेला पुनः नयाँ भेरियन्ट देखिएपछि थप चुनौती बढेको छ । यस्तो अवस्थामा सम्पूर्ण नागरिक पुन्क सचेत हुने बेला आएको छ ।

यसका लागि सामाजिक दुरी कायम राख्नु अति आवश्यक छ भने सरकारले तोकेको स्वास्थ्य मापदण्डको पालना गर्नु पनि उत्तिकै जरुरी छ । नेपाल मात्र नभएर अन्य मुलुकमा पनि नयाँ भेरियन्टको बिस्तारै त्रास बढ्दै गएको छ । विश्वको स्वास्थ्य क्षेत्र पनि यस नयाँ भेरियन्टप्रति गम्भिर बनेको छ ।

तसर्थ नयाँ भेरियन्टप्रति सबै सचेत रहौं र सरकारले तोकेको स्वास्थ्य मापदण्डको पूर्ण पालना गर्न सबै सजग रहनु जरुरी छ । माहामारीलाई नियन्त्रण र यसबाट बच्ने सावधानीका उपाय मात्र भएकोले यसप्रति सबै जागरुक र अग्रसर भएमात्र हामी कोरोनालाई परास्त गर्न सक्छौं ।

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. रंजना गिरी
Dr. Ranjana Giri
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
Infertility Specialist (Consultant IVF)
NMC No. : 10635
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ
बाझपन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# विवाह पञ्चमी नजिकिँदै गर्दा जनकपुरवासीमा बढ्दो फोहरको चिन्ता

**राजु विश्वकर्मा**

जनकपुर, १२ मङ्सिर (रासस) ।
धार्मिक आस्थासँग जोडिएको ऐतिहासिक सीताराम विवाह पञ्चमी महोत्सव भव्यपूर्वक मनाउन तयारीमा जुटेका जनकपुरवासी बढ्दो फोहरको डङ्गुरले चिन्तित बनेका छन् ।

जनकपुर उपमहानगरपालिकाका कर्मचारीको आन्दोलनका कारण विगत एक सातादेखि फोहर नउठ्दा नगरक्षेत्रका सडकमा फोहरको डङ्गुर बढेर दुर्गन्ध फैलिन थालेकाले जनकपुरवासी चिन्तित बनेका हुन् ।

यहाँका मुख्य सडक तथा गल्लीसँगै धार्मिकस्थलमा समेत फोहरको डङ्गुर लागेपछि महामारी फैलिने त्राससमेत बढेको स्थानीयवासीले बताए । फोहर थुप्रिँदै गएपछि यहाँका सडक सुङ्गुर खेल्ने र रमाउनेस्थलका रुपमा परिणत हुन थालेको जनकपुर उपमहानगरपालिका- २ कदम चोकका श्याम साहले चिन्ता व्यक्त गर्नुभयो ।

"उपमहानगरपालिकाका जनप्रतिनिधि र कर्मचारीबीचको विवादले विगत एक सातादेखि नगरक्षेत्रको फोहर उठ्न सकेको छैन", उहाँले भन्नुभयो, "जनकपुरका सबै सडक र गल्लीमा फोहर थुप्रिएर दुर्गन्ध फैलिन थालेको छ भने लामखुट्टेको प्रकोप पनि बढ्दै गएको छ । यस्तै रहे जनकपुरमा हैजा नफैलिएला भन्न सकिन्न ।"

भगवान् राम सीताको विवाहसँग जोडिएको विवाह पञ्चमी महोत्सव यस वर्ष पनि जनकपुरमा साताव्यापीरुपमा मनाउने तयारी गरिएको छ । मङ्सिर १७ देखि २३ गतेसम्म विविध कार्यक्रम गरी धुमधामका साथ मनाउने तयारी भइरहेका बेला जनकपुरका सडकमा थुप्रिएको फोहरले सबैलाई निराश बनाएको प्रदेशसभा सदस्य रामअशिष यादवले बताउनुभयो ।

सिङ्गो हिन्दू समुदायको धार्मिक आस्थासँग जोडिएको विवाह पञ्चमी महोत्सव सुरु हुन एक साताभन्दा पनि कम समय बाँकी रहँदासमेत उपमहानगरपालिकाले फोहर उठाउन चासो नदिँदा जनकपुरवासीमा चिन्ता बढेको उहाँको भनाइ थियो ।

"जनकपुर उपमहानगरपालिकाले फोहर सङ्कलनमा गम्भीर नभएकाले नगरक्षेत्र दुर्गन्धित भएको हो", प्रदेशसभा सदस्य यादवले भन्नुभयो, "जनप्रतिनिधि र कर्मचारीको विवादका कारण सिङ्गो जनकपुर नै फोहर थुप्रेर कुरुप बन्न पुगेको छ। यो कदापि उचित होइन तसर्थ छिटोभन्दा छिटो फोहर उठाएर नगर क्षेत्रलाई सफा बनाउनुपर्छ ।"

"विवाह पञ्चमीका समयमा नेपाल तथा छिमेकी मुलुक भारतबाट लाखौँको सङ्ख्यामा श्रद्धालु भक्तजन जनकपुर आउने गर्छन्", उहाँले बताउनुभयो, "यस्तै अवस्था रहे जनकपुर महामारीको चपेटामा पर्ने र यहाँको पहिचान नै सङ्कटमा पर्नसक्ने खतरा छ ।"

त्यसैले आन्तरिक घरझगडाका कारण सिङ्गो जनकपुरवासीलाई फोहरको चपेटामा पार्न नहुने प्रदेशसभा सदस्य यादवको भनाइ थियो । नगरक्षेत्रको चारैतिरका सडक, गल्ली र धार्मिकस्थलमा फोहरको डङ्गुर बढ्दै गएकाले नजिकिँदै गरेको विवाह पञ्चमी महोत्सवमै असर पार्ने चिन्ता बढेको जानकी मन्दिरका महन्थ रामरोशन दास श्रीवैष्णवले बताउनुभयो ।

"हामीले विवाह पञ्चमीका दिन भारतको अयोध्याबाट आउने जन्तीको स्वागत गर्नेदेखि श्रद्धालुको सुविधाका लागि पण्डाल तथा स्वागतद्वार निर्माणलगायत तयारीमा जुटेका छौँ", उहाँले भन्नुभयो, "तर नगरक्षेत्रमा बढ्दो फोहरले गर्दा समस्यामा परेका छौँ ।" नगरक्षेत्रको फोहर उठाएर विवाह पञ्चमीमा आउने श्रद्धालुका लागि सरसफाइ र खानेपानीको व्यवस्था मिलाइदिन उपनगरप्रमुखसँग आग्रह गरे पनि कुनै प्रगति नभएको उहाँको गुनासो थियो ।

वडा नं ४ का वडाध्यक्ष सुदर्शन सिंह र वडा सदस्य पङ्कज मण्डलले कुटपिट गरेको भन्दै कर्मचारी विगत एक सातादेखि सरसफाइलगायत सम्पूर्ण कामकाज ठप्प पारेर आन्दोलनमा उत्रेका छन् ।

गत मङ्गलबार वडा ३, ४ र ७ का वडाध्यक्ष तथा वडा सदस्यले नगरको सरसफाइका विषयलाई लिएर उपमहानगरपालिका कार्यालयमा नाराबाजी गर्नाका साथै उपमहानगरप्रमुख लालकिशोर साहको कार्यकक्षमा तालाबन्दीसमेत गरेका थिए । जनप्रतिनिधि र कर्मचारीबीचको विवाद साता बित्न लाग्दासमेत समाधान गर्नेतर्फ कुनै पहल नभएको स्थानीयवासीको गुनासो थियो ।

एकातिर विवादकै कारण लामो समयदेखि फोहर उठ्न नसक्दा जनकपुर दुर्गन्धित बनेको छ भने अर्कोतिर दैनिकरुपमा उत्पादन हुने फोहरको व्यवस्थापन कहाँ गर्ने भन्ने चुनौती थपिएको छ । बढ्दो शहरीकरण र जनसङ्ख्याका कारण नगर क्षेत्रमा दैनिक फोहर बढ्दै गएको छ । "प्रदेश २ को अस्थायी राजधानी हुनुपूर्व अर्थात् केही वर्षअघिसम्म उपमहानगरपालिका क्षेत्रमा दैनिक छ/सात मेट्रिकमात्र फोहर उत्पादन हुन्थ्यो", उपमहानगरपालिका निमित्त प्रमुख प्रशासकीय अधिकृत मेघीलाल यादवले भन्नुभयो, "अहिले जनकपुरमा दैनिक १० मेट्रिकटन फोहर उत्पादन भइरहेको छ तर फोहर फाल्ने डम्पिङसाइट बनाउन सकिएको छैन । जसका कारण फोहर फ्याल्नै गाह्रो भइरहेको छ । "

नगरक्षेत्रमा फोहर उठन नसकेको भन्दै चौतर्फी गुनासो उठ्न थालेपछि आफूले फोहर व्यवस्था गर्न पहल गरे पनि उपमहानगरपालिकाबाट सहयोग नपाएकाले सफल नभएको धनुषाका प्रमुख जिल्ला अधिकारी बन्धुप्रसाद बास्तोलाले बताउनुभयो ।

"फोहरले नगर नै दुर्गन्धित भयो भनेर धेरैतिरबाट गुनासो आएपछि म आफैँले नगर प्रमुखलाई फोन गरेर विवाद समाधान गरी फोहर व्यवस्थापन गर्न आग्रह गरेँ तर नगरप्रमुखज्यूले म किन वडाध्यक्षसँग कुरा गर्नु भन्दै पन्छिनुभयो", प्रजिअ बास्तोलाले भन्नुभयो, "त्यसपछि सुरक्षाकर्मी र अन्य सरोकारवाला निकायको सहयोगमा फोहर उठाउने प्रयास गरेँ तर नगरक्षेत्रमा फोहोर फ्याल्ने डम्पिङसाइट नभएकाले समस्या भएको छ ।"

फोहरले ठूलो समस्या निम्त्याउन सक्ने भएकाले समयमै यसको व्यवस्थापन गर्नेतर्फ उपमहानगरपालिका चनाखो हुनुपर्ने र त्यसका लागि सरोकारवालाले पनि पहल गर्नुपर्ने उहाँको भनाइ थियो ।



# स्याटेलाइट कम्पनीको अनुमतिपत्र खारेज

काठमाडौं, १२ मङ्सिर (रासस) ।

सरकारले नेपाल स्याटेलाइट प्रालि (हेलो नेपाल) लाई दिएको अनुमतिपत्र खारेज गरेको छ। शुक्रबार बसेको नेपाल दूरसञ्चार प्राधिकरण सञ्चालक समितिको बैठकले बक्यौता रकम भुक्तानी नगरेको भन्दै हेलो नेपाललाई दिइएको अनुमतिपत्र खारेज गर्ने निर्णय गरेको हो। असार मसान्तसम्म तोकिएको बक्यौता रकम भुक्तानी नगरेपछि गत कात्तिक ५ गते बसेको बोर्ड बैठकले हेलो नेपालसँग भुक्तानीको विषयमा जानकारी माग गर्ने निर्णय गरेको थियो।

बोर्डको निर्णयानुसार प्राधिकरणले १५ दिनभित्र जवाफ दिने गरी कात्तिक १२ गते कम्पनीसँग स्पष्टीकरण सोधेको थियो। कात्तिक २२ गते हेलो नेपालले जवाफ पठाउँदै मन्त्रिपरिषद्वाट निर्धारित किस्ता रकम तिर्न थप समय माग गरेको भन्दै प्राधिकरणले पुनः अनुमतिपत्र खारेजीको निर्णय गर्न नसक्ने स्पष्टीकरण पेस गरेको प्राधिकरणका प्रवक्ता सन्तोष पौडेलले जानकारी दिनुभयो।

उहाँका अनुसार कम्पनीले पठाएको पत्रको चित्तबुझ्दो जवाफ नआएपछि २०७६ को पुसमा मन्त्रिपरिषद्ले गरेको निर्णयलाई आधार बनाएर शुक्रबारदेखि नै लागू हुने गरी अनुमतिपत्र खारेजीको निर्णय गरिएको हो। बोर्डले दूरसञ्चार ऐन २०५३ को दफा २८ को उपदफा (३) बमोजिम शुक्रबारदेखि नै लागू हुने गरी अनुमतिपत्र खारेज गर्ने निर्णय भएको जनाएको छ।

कम्पनीले प्राधिकरणलाई फ्रिक्वेन्सी शुल्क, रोयल्टी, ग्रामीण दूरसञ्चार कोषमा जम्मा गर्नुपर्ने रकम, लाइसेन्स नवीकरण शुल्कबापत बक्यौता रकम भुक्तानी गर्न बाँकी रहेको छ। यसअघि २०७६ को साउनमा प्राधिकरण सञ्चालक समितिले स्याटेलाइट कम्पनीको लाइसेन्स रद्दको निर्णय गरेको थियो। नेपाल दूरसञ्चार ऐनमा प्राधिकरणले लाइसेन्स रद्द गरेपछि ३५ दिनभित्र मन्त्रिपरिषद्मा पुनरावलोकनका लागि निवेदन दिन सकिने प्रावधान छ। सोही प्रावधानलाई टेकेर सो कम्पनीले पुनरावलोकनका लागि निवेदन दिएको थियो।

कम्पनीले दिएको पुनरावलोकन निवेदनमाथि छलफल गर्दै २०७६ पुस २१ मा बसेको मन्त्रिपरिषद् बैठकले चालु आर्थिक वर्षमा पहिलो किस्ता तिर्ने र पाँच वर्षभित्र सबै रकम चुक्ता गर्ने गरी किस्तामा तिर्ने सुविधा दिने निर्णय गरेको थियो। मन्त्रिपरिषद्को बैठकले प्राधिकरणमा बुझाउनुपर्ने बक्यौता रकम ५ वर्षभित्र पाँच किस्तास्वरुप भुक्तानी गर्नुपर्ने र तोकिएको समयमा भुक्तानी नभए स्वतः रुपमा लाइसेन्स रद्दको प्रक्रियामा जाने गरी निर्णय गरेको थियो।

मन्त्रिपरिषद् बैठकको निर्णयानुसार प्राधिकरणले नेपाल स्याटेलाइट प्रालिलाई पाँच वर्षमा किस्तामा रु एक अर्ब ३८ करोड ७२ लाख ५३ हजार बक्यौता रकम भुक्तानीको समय दिएको थियो। जसअनुसार कम्पनीले पहिलो किस्तास्वरुप २०७७ को असार मसान्तमा रु २१ करोड ५१ लाख पहिलो किस्ता बुझाइसकेको छ।

यस्तै, कम्पनीले दोस्रो वर्ष अर्थात् २०७८ को असार मसान्तसम्म रु ३३ करोड ९८ लाख, तेस्रो वर्ष रु तीस करोड ८६ लाख, चौथो वर्ष रु २७ करोड ७४ लाख र पाँचौं वर्ष रु २४ करोड ६३ लाख भुक्तानी गर्ने गरी समय दिएको थियो। प्राधिकरणले यसअघि नै मन्त्रिपरिषद्को बैठकले गरेको निर्णयानुसार तोकिएको समयमा बक्यौता रकम भुक्तानी नगर्दा समय थप गर्न नमिल्ने भएपछि अनुमतिपत्र नै खारेज गर्ने निर्णय गरिएको जनाएको छ।

*थप १ सय ५८ ...*

आठ लाख दुई हजार ३८९ जना संक्रमणमुक्त भएका छन्।

मन्त्रालयका अनुसार हाल देशभर सक्रिय सङ्क्रमितको संख्या ६ हजार ९६६ छ। जसमध्ये ६ हजार ५८९ जना होम आइसोलेशनमा र ३७७ जना संस्थागत आइसोलेशनमा छन्।

कोरोनाका बिरामीमध्ये १ सय ७१ जना आइसीयूमा र ३३ जना भेन्टिलेटरमा उपचाररत छन्।१० वर्ष मुनिका तीन बालबालिकामा कोरोना सङ्क्रमण पुष्टि भएको छ। उघारदेखि २० वर्ष उमेर समूहका १३ जनामा कोरोना सङ्क्रमण पुष्टि भएको छ।

पछिल्लो २४ घण्टामा कोरोना संक्रमणबाट दुई जनाको मृत्यु भएसँगै नेपालमा कोरोनाबाट मृत्यु हुनेको संख्या ११ हजार ५२३ पुगेको छ।


तिरहुत गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय

मेरी गाउँ मेरो रहनमाथिता

प.स. (Letter No) : २०७८/०७९
चलानी नं. (Ref No.) :

Website:www.tirahutmun.gov.np
Email : info@tirahutmun.gov.np
Contact No : 9852860107

**उपभोक्ता समिति गठन गर्ने सम्बन्धी सूचना !**

**(प्रकाशित मिति : २०७८/०८/१३ गते)**

यस तिरहुत गाउँपालिकाको आ.व. २०७८/०७९ को गाउँ सभाबाट स्वीकृत तपशिलका पालिका स्तरिय योजनाहरु उपभोक्ता समिति मार्फत संचालन गर्नुपर्ने भएकोले देहायको मिति, समय र स्थानमा आमभेलाबाट उपभोक्ता समिति र अनुगमन समिती गठन गरिने भएकोले सम्बन्धीत सरोकारवालाहरुलाई उपस्थितिको लागि यो सूचना प्रकाशन गरिएको छ।

तपसिल :

| सि. नं. | योजना/कार्यक्रमको नाम | कार्यान्वयन स्थान | विनियोजित रकम | उपभोक्ता समिति गठन हुने | | |
|---|---|---|---|---|---|---|
| | | | | मिति | समय | स्थान |
| १. | वडा नं. १ जामा मस्जिद संवर्धन संरक्षण | वडा नं. १ | १०,००,०००।०० | २०७८।८।२० | बिहान ८ बजे | जामा मस्जिदको प्रागंनमा वडा न १ |
| २. | वडा नं. १ शोषेन्द्र घर देखी हजरा घर सम्म र जयकृष्ण घर देखी शर्मा घर सम्म आर.सि.सि ढलान | वडा नं. १ | ४०,००,०००।०० | २०७८।८।२० | बिहान १० बजे | वडा कार्यालय त्रिकौल वडा न १ |
| ३. | वडा नं. १ मुल सडक देखी पशुपती भिन्दबारको घर र प्रसैला आँफ बगैचा सम्मको सडकमा आर.सि.सि ढलान | वडा नं. १ | ५०,००,०००।०० | २०७८।८।२० | दिउँसो १ बजे | ज.रा.प्रा.वि प्रसैला टोल स्कुलको प्रांगनमा वडा न १ |
| ४. | वडा नं. १ मुल सडक देखी रमेश घर सम्म आर.सि.सि ढलान | वडा नं. १ | १८,००,०००।०० | २०७८।८।२० | दिउँसो ४ बजे | हनुमान मंदिर प्रागंनमा वडा न १ |
| ५. | वडा नं. १ सदानन्द भागवत संवर्धन तथा संरक्षण कार्य | वडा नं. १ | २,००,०००।०० | २०७८।८।२१ | बिहान ८ बजे | वडा न १ सदानन्द भागवत प्रांगनमा |
| ६. | वडा नं. १ देवलाल खंग घर नजिक भगवती मंदिर निर्माण | वडा नं. १ | ६,००,०००।०० | २०७८।८।२१ | बिहान १० बजे | स्वास्थ्य चौकी त्रिकौल वडा न १ |
| ७. | वडा नं. १ महेन्द्र देखी किसन शर्माको घर सम्म आर.सि.सि ढलान | वडा नं. १ | ४०,००,०००।०० | २०७८।८।२१ | दिउँसो १ बजे | ज.रा.प्रा.वि प्रसैला टोल स्कुलको प्रांगनमा |
| ८. | वडा नं. १ मा मुल सडकहरुको शाखा सडक हरुमा ह्युमपाईप खरिद गरी जडान गर्ने कार्य | वडा नं. १ | १०,००,०००।०० | २०७८।८।२१ | दिउँसो ४ बजे | ज.रा.प्रा.वि प्रसैला टोल स्कुलको प्रांगनमा |
| ९. | वडा नं. २ हरिनारायण घर दर्पि र हनुमान मंदिर सम्म आर.सि.सि ढलान | वडा नं. २ | ३०,००,०००।०० | २०७८।८।२० | बिहान ८ बजे | हनुमान मंदिरमा वडा नं. २ |
| १०. | वडा नं. २ बडहरको अधुरो बजरंगवली निर्माण | वडा नं. २ | १०,००,०००।०० | २०७८।८।२० | दिउँसो १ बजे | बजरंगवली निर्माण वडा नं. २ |
| ११. | वडा नं. ३ मा शनि मन्दिर निर्माण | वडा नं. ३ | १५,००,०००।०० | २०७८।८।२० | बिहान ८ बजे | शनि मन्दिरमा वडा नं. ३ |
| १२. | वडा नं. ३ रामजानकी मंदिर संवर्धन संरक्षण | वडा नं. ३ | १०,००,०००।०० | २०७८।८।२० | दिउँसो १ बजे | रामजानकी मंदिरमा वडा नं. ३ |
| १३. | वडा नं. ३ सिवन धुरझारको घर देखी दक्षिण सडकमा माटो ग्रभेल | वडा नं. ३ | २,००,०००।०० | २०७८।८।२१ | बिहान ८ बजे | सिवन धुरझारको घर निर वडा नं. ३ |
| १४. | वडा नं. ३ जिवछ महतमानको घर देखी पोखरीसम्म आर.सि.सि.ढलान | वडा नं. ३ | १०,००,०००।०० | २०७८।८।२१ | दिउँसो १ बजे | पोखरी निर वडा नं. ३ |
| १५. | वडा नं. ३ मुल सडक देखी कमलरामको घर सम्म आर.सि.सि ढलान | वडा नं. ३ | ३,००,०००।०० | २०७८।८।२२ | बिहान ८ बजे | कमलरामको घर निर वडा नं. ३ |

योजना शाखा
तिरहुत गाउँपालिका, सप्तरी
आनन्द कुमार यादव
योजना शाखा


# विश्व समाचार

## बेलायतमा कोरोनाको भाइरसको नयाँ भेरिएन्ट ओमिक्रोन भेटिएपछि थप प्रतिबन्धको घोषणा

लन्डन, १२ मङ्सिर (रासस/सिन्ह्वा) ।

हालै अफ्रिकामा भेटिएको भनिएको कोरोना भाइरसको नयाँ भेरिएन्ट ओमिक्रोन भेटिएपछि बेलायतले थप प्रतिबन्धहरुको घोषणा गरेको छ। प्राप्त समाचारहरुमा बेलायतले अहिलेको भन्दा थप कडा प्रतिबन्धहरुको घोषणा गरेको हो। त्यस्तै बेलायत आउने अरु देशका उडानहरुमा पनि निगरानी गरिएको छ। बेलायत आउने हरेक यात्रुले दुई दिन मात्र यताको स्वास्थ्य रिपोर्ट अनिवार्य रुपमा देखाउनुपर्ने र बेलायत पुगेपछि पनि पिसिआर टेष्ट गरिने छ। यसरी गरिएको परीक्षणमा यदि कोरोना भाइरस पोजेटिभ देखिएमा आफै आइसोलेसनमा बस्नुपर्ने र नेगेटिभ रिपोर्ट आएपछि मात्र बाहिर निस्किन पाउने बताइएको छ।

हालै अफ्रिकामा देखिएको भनिएको नयाँ भाइरस बेलायतमा देखिएको कुरा यहाँका स्वास्थ्य मन्त्री सजिद जाभिदले शनिबार जानकारी दिनुभएको छ। यो भाइरसको सङ्क्रमण देखिएका दुई जनालाई आइसोलेसनमा राखिएको र उनीहरुको थप स्वास्थ्य अनुसन्धान जारी रहेको पनि उहाँले बताउनुभएको छ। बेलायतका प्रधानमन्त्रीले यो भाइरसको प्रभाव अहिलेको भन्दा निकै खतरनाक रहेको भन्दै थप प्रतिबन्धहरुका बारेमा जानकारी दिनुभएको हो। उहाँले हाललाई विदेशबाट आउने उडानहरुमा सतर्कता अपनाइने र यात्रुहरुको पिसीआर परीक्षणलाई अनिवार्य गरिने जानकारी दिनुभएको हो। साथै बेलायतमा यात्राका क्रममा तथा सार्वजनिक यातायातमा अनिवार्य रुपमा मास्कको प्रयोग गर्नुपर्ने नियम पनि सार्वजनिक गरिएको बताइएको छ।

## इजरायलद्धारा आफ्ना नागरिकलाई अफ्रिकी देशको भ्रमणमा प्रतिबन्ध

जेरुसेलम १२ मङ्सिर (रासस/सिन्ह्वा) ।

हालै अफ्रिकामा कोरोना भाइरसको नयाँ भेरिएन्ट ओमिक्रोन भेटिएपछि इजरायलले आफ्ना नागरिकलाई अफ्रिकी देशहरुको भ्रमणमा प्रतिबन्ध लगाएको छ। प्राप्त समाचारहरुमा इजरायलले हाल कुनै थप प्रतिबन्धहरुको घोषणा गरेको त छैन तर हालका लागि अफ्रिकी देशहरुको भ्रमणमा आफ्ना नागरिकहरुलाई रोक लगाएको जनाएको छ। बिहीबार इजरायलले सात ओटा अफ्रिकी देशलाई रातो सूचीमा राखेर ती देशको यात्रामा प्रतिबन्ध गरेकामा शनिबार सबै अफ्रिकी देशमा नजान आफ्ना नागरिकमाथि प्रतिबन्ध लगाएको हो।

त्यस्तै इजरायलले हाल करिब ५० ओटा अफ्रिकी देशहरुमा रहेका आफ्ना नागरिकहरुलाई पनि स्वदेश फर्किन भनेको छ। इजरायलले भनेको छ कि आफ्ना नागरिकहरु ती अफ्रिकी देशमा रहेका भए कम्तीमा सात दिनभित्रमा स्वदेश फर्किन पनि भनेको छ। यो नयाँ भेरिएन्ट विश्वका विभिन्न देशहरुमा देखिन थालिसकेको समाचारहरु आएका छन्। उता यो भेरिएन्ट भेटिएपछि बेलायतले अहिलेको भन्दा थप कडा प्रतिबन्धहरुको घोषणा गरेको छ। त्यस्तै अष्ट्रेलियामा पनि अफ्रिकी देशहरुबाट हुने यात्रमा कडाइ गरिएको छ। अष्ट्रेलियाले अरु देशबाट आउने उडानहरुका साथै विशेष गरी अफ्रिकी देशको यात्रामा थप निगरानी बढाइएको जनाएको छ। हालै अफिकामा देखिएको यो भेरिएन्ट अहिलसम्मकै सबैभन्दा बढी खतरनाक पाइएको अनुसन्धानबाट देखिएको छ। यो भेरिएन्ट देखिएपछि यसको अनुसन्धान सुरु भएको बताइएको छ।

## भारतमा एक दिनमा आठ हजार ७७४ नयाँ कोरोना सङ्क्रमित

नयाँदिल्ली, १२ मङ्सिर (रासस/एएनआई) ।

भारतमा कोरोना भाइरसबाट पछिल्लो एक दिनमा थप आठ हजार ७७४ जना सङ्क्रमित भएका केन्द्रिय स्वास्थ्य मन्त्रालयले आइतबार जानकारी दिएको छ। यसै अवधीमा कोरोना सङ्क्रमणबाट ६२१ जनाको मृत्यु भएको पनि मन्त्रालयले जनाएको छ। यसैसँगै भारतमा कोरोना शुरु भएबाट हालसम्म कोरोनाबाट चार लाख ८ हजार ५५४ जनाको मृत्यु भएको छ। भारतमा हाल सक्रिय सङ्क्रमितको सङ्ख्या एक लाख ५ हजार ६९१ रहेको जनाइएको छ। सक्रिय सङ्क्रमितको यो संख्या ५४३ पछिकै सबैभन्दा कम भएको पनि मन्त्रालयका अधिकारीले जनाएका छन्। पछिल्लो २४ घण्टामा भारतमा नौ हजार ८६८ जना कोरोना भाइरसको सङ्क्रमणबाट मुक्त भएका छन्। भारतमा अहिलेसम्म सङ्क्रमण मुक्ति भएकाको सङ्ख्या तीन करोड ३९ लाख ७७ हजार ८३० रहेको मन्त्रालयले जनाएको छ।

शनिबार ९ हजार ४८१ व्यक्ति कोरोनाबाट मुक्त भएका छन्। भारतमा कोरोना मुक्ति दर कूल सङ्क्रमितको ९८.३३ प्रतिशत पुगेको छ। कोरोना सङ्क्रमण निको भएकाको यो दर २०२० को मार्चपछिकै सबैभन्दा धेरै भएको मन्त्रालयका अधिकारीको भनाइ रहेको छ। यसैसँगै भारतमा कोरोना शुरुभएयता हालसम्म तीन करोड ३९ लाख ९८ हजार २७ व्यक्ति कोरोना भाइरस सङ्क्रमणबाट निको भएको जनाइएको छ। यहाँ हालसम्म ६४ करोड भन्दा बढी व्यक्तिको कोरोना भाइरसको परीक्षण भएको जनाइएको छ। भारतमा गत जनवरी १६ बाट कोरोना भाइरसविरुद्ध खोप अभियान सुरु भएको थियो। सो समयदेखि हालसम्म एक अर्ब २१ करोड ९४ लाख भन्दा बढी डोज खोप लगाइएको छ।

## अष्ट्रेलियामा ओमिक्रोन भेरियन्ट भेटियो

सिड्नी, १२ मङ्सिर, (रासस-एएफपी) ।

अष्ट्रेलियाका स्वास्थ्य अधिकारीहरूले आइतबार सिड्नीमा उडेका दक्षिणी अफ्रिकाका दुई यात्रुहरूको स्वास्थ्य परीक्षण गर्दा पहिलो पटक कोभिड ओमिक्रोन स्ट्रेन पत्ता लागेको जनाएका छन्। पूर्वी राज्य न्यू साउथ वेल्सको स्वास्थ्य प्राधिकरणले शीघ्र जीनोमिक परीक्षण उक्त सङ्क्रमण भेटिएको जनाएका छन्।

# प्रधानमन्त्री कपका लागि खेलाडीहरुको छनौट र बन्द प्रशिक्षण सुरु



**दैनिक समाचारदाता**
**राजविराज, १२ मंसिर ।**

मंसिर २७ देखी सुदुरपश्चिमको धनगढीमा हुने प्रधानमन्त्री कप महिला र पुस १२ देखी काठमाडौंमा हुने प्रधानमन्त्री कप पुरुष क्रिकेट प्रतियोगिता हुने भएको छ ।

उक्त प्रतियोगिता हुने तय भएपछि सप्तरीका खेलाडीहरुको छनौट र बन्द प्रशिक्षण धमाधम थालिएको छ । प्रतियोगिताका लागि पुरुष र महिला टोलीको छनौट र बन्द प्रशिक्षण सुरु गरिएको क्रिकेट संघ सप्तरीका सचिव चन्दन कुमार यादवले जानकारी दिएका छन् ।

संघका सचिव यादवले प्रधानमन्त्री कप महिला क्रिकेट प्रतियोगिताका लागि प्रादेशिक स्तरको प्रतियोगितामा सहभागि हुने खेलाडीहरुको मंसिर १४ भित्र छनौट गरि सक्नु पर्ने भएकाले सो कार्य पुरा गरि बन्द प्रशिक्षण थालिएको बताए ।

सुरुङ्गा नगरपालिकाको कदमाहा खेल मैदानमा छनौट भएका महिला खेलाडीहरुका लागि बन्द प्रशिक्षण चलाइएको उनको भनाई छ । बन्द प्रशिक्षणमा प्रशिक्षक धर्मेन्द्र चौधरीले प्रशिक्षण दिइरहेको उनले बताए । उक्त प्रशिक्षणमा जिल्लाबाट छनौट भएका २० महिला खेलाडी सहभागि छन् ।

त्यस्तै पुरुष क्रिकेट खेलाडीको छनौट कार्य पनि जिल्लाको विभिन्न खेल मैदानमा संचालन गरिएको उनले बताए । पुरुष खेलाडीहरुको छनौट कार्य भने मंसिर २५ सम्म चल्ने र छनौट भएकालाई दुई दिन बन्द प्रशिक्षणमार्फत अन्तिम छनौट गरिने क्रिकेट संघ सप्तरीले जनाएको छ ।

# राष्ट्रियसभा सदस्य निर्वाचन कार्य तालिका स्वीकृत

काठमाडौं, १२ मंसिर (रासस) ।

निर्वाचन आयोगले राष्ट्रियसभा सदस्यको आगामी निर्वाचनका लागि निर्वाचन कार्य तालिका स्वीकृत गरेको छ ।

आयोगको यही मंसिर ७ गतेको बैठकले निर्वाचन तयारी गर्न आन्तरिक प्रयोजनका लागि कार्य तालिका स्वीकृत गरेको प्रवक्ता शालीग्राम शर्माले जानकारी दिनुभयो ।

सरकारले राष्ट्रियसभा सदस्यको निर्वाचन आगामी माघ १२ गतेका लागि घोषणा गरिसकेको छ । निर्वाचनलाई अघि बढाउने सन्दर्भमा आयोगले आवश्यक निर्देशिका र कार्यविधिको कामसमेत अघि बढाएको छ । केही समयपछि आयोगले निर्वाचन कार्यक्रमसमेत प्रकाशित गर्नेछ ।

उन्नानसाठी सदस्यीय राष्ट्रियसभाका एक तिहाई सदस्यको कार्यकाल आगामी फागुन २० गते समाप्त हुँदैछ । कार्यकाल समाप्त हुनेमा अगमप्रसाद वान्तवा राई, उदया शर्मा पौडेल, कविता बोगटी, कोमल वली, खीमबहादुर विक, चक्रप्रसाद स्नेही, चन्द्रबहादुर खड्का, जीवन बुढा, ठगेन्द्रप्रकाश पुरी, तारादेवी भट्ट, दीनानाथ शर्मा, नैनकला ओझा, परशुराम मेघी गुरुङ, राधेश्याम अधिकारी, रामलखन चमार, शशीकला दाहाल, शान्तीकुमारी अधिकारी, शेरबहादुर कुँवर र सुमनराज प्याकुरेल हुनुहुन्छ ।

सरकारको सिफारिसबाट विज्ञका रुपमा मनोनित सदस्य रामनारायण विडारीको पनि चार बर्षे कार्यकाल फागुन २० गते नै पूरा हुँदैछ । राष्ट्रियसभा सदस्यको कार्यकाल छ वर्ष भए पनि २०७४ सालमा पहिलो पटक गोला प्रथाद्वारा दुई, चार र छ वर्षका लागि कार्यकाल निर्धारण गरिएको थियो । आयोगले राष्ट्रियसभा सदस्य निर्वाचनका लागि रु पाँच करोड ८४ लाखको प्रारम्भिक खर्च अनुमान गरी निकासाका लागि अर्थ मन्त्रालयलाई पत्राचार गरिसकेको छ ।

राष्ट्रियसभा सदस्य निर्वाचनको मतदाताका रुपमा मुलुकका ७५३ पालिकाका प्रमुख र उपप्रमुख तथा प्रदेशसभा सदस्य रहनुभएको छ । राष्ट्रियसभा चुनावमा पालिका प्रमुख र उपप्रमुखको मतभार १८ तथा प्रदेशसभा सदस्यको मतभार ४८ कायम हुनेछ ।


कोरोना घटाउन र हटाउन
जनस्वास्थ्यका मापदण्ड पालना गरौं



मास्क लगाऔं, साबुनपानीले हात धोऔं, भौतिक दुरी कायम राखौं
आफू सुरक्षित रही
अरुलाई पनि सुरक्षित रहन मद्दत गरौं
अनुरोधकर्ता : खडक नगर कार्यपालिकाको कार्यालय, सप्तरी


# प्रदेश नं. २ : चार वर्षमा पनि चयन भएन लेखा समिति सभापति

धनुषा, १२ मङ्सिर (रासस) ।

प्रदेशसभा गठन भएको लामो समय बितीसक्दा पनि प्रदेश नं २ को प्रदेशसभाअन्तर्गत सार्वजनिक लेखा समितिले पूर्णता पाउन सकेको छैन । प्रदेशसभा गठन भएको झन्डै चार वर्षमा पनि पूर्णता नपाउँदा समिति निष्क्रिय भएको छ । प्रदेशसभा सचिवालयका वरिष्ठ सदस्य नेकपा (एमाले)का सांसद लगनलाल चौधरीको अध्यक्षतामा समितिको एक-दुईपटक बैठक बसे पनि समितिको क्रियाकलापलाई उहाँले पनि कुनै चासो लिएका छैनन् । समिति प्रायः निष्क्रिय रहे पनि एक-दुईपटक बैठकको अध्यक्षता गरेकै कारण चौधरीले समिति सभापतिको सेवासुविधा भने लिँदै आएको प्रदेश सचिवालयले जनाएको छ ।

लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) का सांसद उपेन्द्र महतोले चार वर्ष बितिसक्दा पनि सार्वजनिक लेखा समितिले पूर्णता नपाउन नसक्नु दुःखद रहेको बताउनुभयो । लेखा समितिका सदस्यसमेत रहेको सांसद महतोले भन्नुभयो, "सभापति नहुँदा समितिको बैठक नै बस्दैन, सरकारको आर्थिक कारोबारको विषयमा केही जानकारी हुँदैन र महालेखापरीक्षकको प्रतिवेदनमाथि पनि छलफल हुँदैन । यस्तोमा सरकारको मनोमानी गर्ने जस्तो भएको छ ।" संसदीय समिति राजनीतिक भागबन्डाका बेला सार्वजनिक लेखा समिति तत्कालीन नेकपाको भागमा परेको थियो । नेकपामा आन्तरिक विवादका कारण उक्त समितिमा सभापति पठाउन सकेन र पछि पार्टी नै विभाजित भएपछि अहिले उक्त समिति कुन पार्टीलाई दिने विषयमा छलफल हुन सकेको छैन ।

प्रदेशसभा सचिव रञ्जीत यादवले सभापति नहुँदा समितिको कामकाज प्रभावित हुने गरेको बताउनुभयो । सचिव यादवले भन्नुभयो, "नियमानुसार कुनै पनि समितिको बैठक सभापतिले डाकेको खण्डमा हुन्छ अन्यथा हुँदैन, जब उक्त समितिको सभापति नै चयन भएको छैन भने बैठक कसले डाक्ने भन्ने अन्योल छ ।" उहाँले ज्येष्ठताका अधारमा लगनलाल चौधरीले एक-दुईपटक अध्यक्षता गरे पनि समितिको नियमित बैठक हुन नसकेको बताउनुभयो । प्रदेश सरकारको आर्थिक कारोबारको निगरानी तथा विकास बजेट कार्यान्वयनमा खबरदारी, प्रदेश सरकारको बेरुजु तथा मन्त्रालयमा हुने अस्वाभाविक बजेट रकमान्तरदेखि महालेखापरीक्षकको प्रतिवेदनमा छलफलका लागि सार्वजनिक लेखा समितिको गठन गर्ने व्यवस्था रहेको छ ।

### *लागू औषधीसहित ...*

जनाएको छ ।

ईलाका प्रहरी कार्यालय कडरबोनाका प्रहरी निरीक्षक बिरेन्द्र पासवानका अनुसार पक्राउ परेका यादवले बोकेको झोलाबाट ती लागु औषध बरामद भएको हो ।

यता पक्राउ परेका दुवै जनामाथि थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।


महिलामाथि हुने शारीरिक, मानसिक, यौनिक र मनोवैज्ञानिक हिंसानै महिला हिंसा हो ।
त्यस्ता हिंसा सामाजिक तथा कानूनी रुपमा अपराध हुन् ।
कोही कसैवाट त्यस्ता कार्य भए तत्काल स्थानीय जनप्रतिनिधि, न्यायिक समिति तथा प्रहरीमा खवर गरौं ।
लैङ्गिक हिंसा विरुद्धको अभियान सफल पारौं ।
नेपाल सरकार
विज्ञापन बोर्ड



देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।
हाम्रो सेवाहरु
नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५२१०९६
ipay remit | City Express Money Transfer | Best Remit Quick & Easy | Prabhu Money Transfer | रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम | IME International Money Express | himal remit हिमालरेमिट | CG Money


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*